आकाशवाणी

२१-९-२५ आइतबार

मुख्य समाचार-

- प्रधानमन्त्री मोदीद्वारा राष्ट्रलाई सम्बोधन, नवरात्रिको पहिलो दिनदेखि लागू हुने जीएसटी सुधार
- अमेरीकी चेम्बर अफ कमर्श h-1B भिसा नियमबारे चिन्तित
- नयाँ शिक्षा नीति आजका विद्‍यार्थ‍ीहरूलाई शिक्षित गर्नमा सफलताको सूत्र रहेको केन्द्रीय शिक्षा मन्त्रीको भन‍ाइ ,अनि
- बिहारका मुख्यमन्त्री नितीश कुमारद्वारा विकास मित्र र शिक्षा सेवकहरूका लागि महत्वपूर्ण घोषणा

--------------------

**प्रधानमन्त्री सम्बोधन**

प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा गर्दै भन्‍नुभएको छ, अग‍िल‍ो पुस्ताका वस्तु तथा सेवा कर सुधारहरू नवरात्रिको पहिलो दिन, अर्थात् भोलिदेखि लागू हुनेछन्। राष्ट्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले "जीएसटी बचत उत्सव"को सुरुवात हुने जानकारी दिनुभयो, जसअन्तर्गत जनताले आफूले चाहेको सामानहरू कम मूल्यमा किन्न सक्नेछन्। उहाँले भन्नुभयो , " यी सुधारहरूले राष्ट्रको विकास यात्रा नै बदल्नेछ। युवाहरू, नयाँ मध्यम वर्ग, किसानहरू, महिलाहरू र उद्यमीहरूलाई

विशेष रूपमा यस उत्सवबाट लाभ हुनेछ।" प्रधानमन्त्रीले अगिलो पुस्ताको जीएसटी सुधार, बचत उत्सव र नवरात्रिको अवसरमा सम्पूर्ण देशवासीहरूलाई शुभकामना पनि व्यक्त गर्नुभयो। प्रधानमन्त्रीले आफ्नो सम्बोधनमा स्पष्ट पार्नुभयो , उहाँको सरकारले कर प्रणालीलाई सरल र जनमैत्री बनाएको छ। उहाँले दुई हजार चौधमा सत्ता सम्हालेपछि राज्य सरकारहरू र सरोकारवालाहरूसँग व्यापक परामर्श गरेर वस्तु तथा सेवा करलाई प्राथमिकता दिएको बताउनुभयो ।

## प्रधानमन्त्री मोदीको अरुणाचल प्रदेश र त्रिपुरा भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि अरुणाचल प्रदेश र त्रिपुरा राज्यहरूको भ्रमण गर्ने कार्यक्रम रहेको छ। यस अन्तर्गत उहाँले पाँच हज़ार एक सय करोड़ रुपियाँ भन्दा बढी लागतमा निर्माण गरिने थुप्रै विकास परियोजनाहरूको उद्घाटन तथा शिलान्यास गर्नुहुनेछ ।

अरुणाचल प्रदेशमा प्रधानमन्त्री मोदीले तीन हज़ार सात सय करोड़ रुपियाँभन्दा बढी लागतका दुई प्रमुख जलविद्युत परियोजनाको शिलान्यास गर्नुहुनेछ । यीमध्ये **तातो-वान** जलविद्युत परियोजना एक सय छयासी मेगावाट र ही.ओ जलविद्युत परियोजना दुई सय चालिस मेगावाट सियोम उप-बेसिन क्षेत्रमा सञ्चालनमा ल्याइनेछ। साथै, प्रधानमन्त्रीले तवाङमा एक अत्याधुनिक सम्मेलन केन्द्र **(कन्भेन्सन सेन्टर)** को शिलान्यास गर्ने कार्यक्रम पनि रहेको छ। यसका साथै, प्रधानमन्त्री मोदीले एक हजार दुई सय नब्बै करोड रुपैयाँभन्दा बढी लागतका विभिन्न पूर्वाधार विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ भने, यी परियोजनाहरूले कनेक्टिविटी, स्वास्थ्य सेवा, अग्नि सुरक्षा, र कामकाजी महिलाहरूको आवासजस्ता क्षेत्रमा प्रत्यक्ष लाभ पुऱ्याउनेछ।

## यूएस चैंबर-एच1बी वीज़ा

अमेरिकी चेम्बर अफ कमर्शले **राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा** H -वान B भिसाका लागि आवेदन शुल्क एक लाख डलरसम्म बढाउने निर्णयप्रति गहिरो चिन्ता व्यक्त गरेको छ। चेम्बरले एक विज्ञप्ति मार्फत नयाँ H-वान B भिसा नियमहरूले कर्मचारी, तिनका परिवार र रोजगारदाता माथि पार्ने असरलाई लिएर चिन्ता व्यक्त गरेको हो। विज्ञप्तिमा भनिएको छ कि उनीहरू प्रशासन र त्यसका सदस्यहरूसँग मिलेर यस विषयमा अगाडि के कस्तो कदम चाल्ने भन्नेबारे छलफल गरिरहेका छन्। चेम्बरले भिसा नीति कर्मचारी र व्यवसायमैत्री हुनुपर्नेमा जोड दिएको छ।

## धर्मेंद्र प्रधान-आईआईटी

केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले भन्नुभएको छ, नयाँ शिक्षा नीति आजका विद्यार्थीहरूलाई शिक्षित गर्नमा सफलताको सूत्र हो। आज **आई.आई.टी चेन्नाईमा दक्षिणापथ शिखर सम्मेलनलाई** सम्बोधन गर्दै उहाँले भन्नुभयो, उच्चतर माध्यमिक शिक्षा पूरा गरेपछि स्कूल छोड्नेहरूको दर कम होस् भनेर दुई हजार सैतालिसमा विकसित भारतको लक्ष्यलाई प्राप्त गर्नका लागि स्कूली शिक्षामा आधारभूत परिवर्तन ल्याउनुपर्छ। श्री धर्मेन्द्र प्रधानले भन्नुभयो, स्कूली शिक्षामा कौशल पहलूमा ध्यान केन्द्रित गर्नुपर्छ र यही कारण हो कि नयाँ शिक्षा नीतिमा छैटौ कक्षादेखी कौशल शिक्षा विषयलाई लागू गरिएको छ।

## नड्डा-अल्ज़ाइमर दिवस

आज विश्व अल्ज़ाइमर दिवस मनाइदैछ । यो दिवस प्रतिवर्ष अल्ज़ाइमर र डिमेन्शिया रोग बारे जागरूकता बढ़ाउनका लागि मनाइन्छ । एउटा सोशल मीडिया पोस्टमा, केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले भन्नुभयो, यो दिन यस बीमारीको दिवस , अल्जाइमर रोगको प्रारम्भिक पहिचान, समयमै उपचार र रोगबाट प्रभावित व्यक्तिहरूको उचित हेरचाहको महत्वलाई स्मरण गराउने अवसर हो।" मन्त्री नड्डाले यस रोगसम्बन्धी थप अनुसन्धान र समाधान खोज्न निरन्तर प्रयासको आवश्यकता रहेकोमा पनि जोड दिनुभयो। साथै, उहाँले यो रोगबाट पीडित व्यक्तिप्रति सहानुभूति र करुणाको भावनालाई बढावा दिएर उनीहरूको जीवनस्तरमा सुधार ल्याउन सकिने उल्लेख गर्नुभयो।

## सेवा पर्व

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको  सरकार सेवा र सुशासन अर्थात् सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित छ, जसले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। मोदी सरकारले UPI अर्थात् एकीकृत भुक्तानी प्रणालीमा क्रान्ति ल्याइरहेको छ। आउनुहोस् , सेवा पर्व अन्तर्गत UPI ले डिजिटल भुक्तानीलाई कसरी सहज, सुरक्षित र सबैका लागि पहुँच योगय बनाएको छ,

## बिहार नितीश

बिहारका मुख्यमन्त्री नितीश कुमारले विकास मित्र र शिक्षा सेवकहरूका लागि केही महत्वपूर्ण घोषणाहरू गर्नुभएको छ । अनुसूचित जाति र अनुसूचित जनजाति समुदायहरूलाई विभिन्न विकास र कल्याणकारी योजनाहरूको लाभ पहुँचाउनमा अहम भूमिका निभाउने प्रत्येक विकास मित्रलाई अब ट्याबलेट किन्नका लागि सरकारी कोषबाट पच्चीनस हजार रुपियाँको एकमुष्ट अनुदान दिइने छ । मुख्यमन्त्रीले  सोशल मीडियामा गर्नुभएको घोषणामा भन्नुभएको छ, विकास मित्रका लागि मासिक परिवहन भत्ता एक हजार नौ सय रुपियाँ देखी बढ़ाएर दुई हजार पाँच सय रुपियाँ र स्टेशनरी भत्ता नौ सय  रुपियाँबाट बढ़ाएर एक हजार पाँच सय रुपियाँ गरिनेछ ।

यसका साथै, महादलित, दलित, अल्पसंख्यक र अति पिछडिएको समुदायका बालबालिका सम्म शिक्षाको पहुँच सुनिश्चित गर्न तथा ‘अक्षर आन्चल योजना’अन्तर्गत महिलाहरूमा साक्षरताको स्तर बढाउन योगदान गरिरहेका प्रत्येक शिक्षा सेवकलाई डिजिटल गतिविधि सञ्चालन गर्नका लागि स्मार्टफोन खरिद गर्न दस हजार  रुपियाँको अनुदान प्रदान गरिनेछ।

**उपभोक्ताहरूका लागि जीएसटी गुनासो निवारण सेवा सुरु,**

भारत सरकारको उपभोक्ता मामिला विभागले नयाँ पुस्ताको जीएसटी सुधार अन्तर्गत राष्ट्रिय उपभोक्ता हेल्पलाइनमा जीएसटी सम्बन्धी गुनासो निवारणको सेवा सुरु गरेको छ। उपभोक्ता मामिला, खाद्य र सार्वजनिक वितरण मन्त्रालयले एउटा बयानमा भनेकोछ, हिजो देखी प्रभावी संशोधित जीएसटी दर र छूटहरूको कार्यान्वयन पछि उपभोक्ताहरूको अपेक्षित पूछताछ र गुनासोको समाधानका लागि एकीकृत शिकायत निवारण तन्त्र पोर्टल शुरू गरिएको छ। अब उपभोक्ताहरूले गुनासोहरू अनलाइन पोर्टलमार्फत वा टोल–फ्री नम्बर एक नौ एक पाँच मा फोन गरी सत्र भाषाहरूमा उजुरी दर्ता गराउन सक्नेछन्।

**विश्व स्पीड स्केटिङ स्वर्ण पदक विजयी-**

भारतका आनन्दकुमार वेलकुमारले चीनमा सम्पन्न विश्व स्पीड स्केटिङ च्याम्पियनसिपमा पुरुषको बयालिस किलोमिटर म्याराथन स्पर्धामा स्वर्ण पदक जित्दै इतिहास रचेका छन्। यससँगै उनी भारतका पहिलो स्पीड स्केटिङ विश्व च्याम्पियन बन्न सफल भएका छन्।आनन्दकुमारले उक्त प्रतियोगितामा दुई स्वर्ण र एक कांस्य पदक जितेका छन्।